४१४ – ४२६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४७१/२०७२/०७३
निर्णय नं. ५२७

फ्रिडम फोरम, थापाथली,काठमाडौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), झलारीपिपलाडी नगरपालिकाको कार्यालय, कन्चनपुर.....१ विपक्षी

सूचना अधिकारी, झलारीपिपलाडी नगरपालिकाको कार्यालय, कन्चनपुर............ ..........१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौका तारानाथ दाहाल समेतले झलारीपिपलाडी नगरपालिकाको कार्यालय कन्चनपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।१ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम झलारीपिपलाडी नगरपालिका कार्यालय, कन्चनपुरलाई मिति २०७२।०७।२९, च.नं. ४७७ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त नगरपालिकाले यस आयोगलाई समेत बोधार्थ दिई सूचना मागकर्तालाई सूचना उपलब्ध गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
|---|---|---|
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।